# कृतज्ञता

थालनीदेखि अन्त्यसम्मै पितृवत् वात्सल्यका साथ विश्वविद्यालीय प्रावधान अनुरूप निर्देशन दिनुहुने गुरूवर श्री लक्ष्मीकान्त शर्मा, प्रवाचक , नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालयप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

शोध सन्दर्भमा ग्रहण गरिएका विषयलाई पुष्टि दिने सठीक सन्दर्भ र तथ्यहरू निजी पुस्तकालयबाट उपलब्ध गराई दिनुहुने डा. दयाराम श्रेष्ठ, प्राध्यापक त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर प्रति आभार व्यक्त गर्दछु।

आफ्नो अध्येता- अनुभवद्वारा सामग्री सङ्केत दिई प्रेरित गराउनुहुने गुरू डा. मोहनप्रसाद दाहाल, प्रवाचक, उत्तरबङ्ग विश्वविद्यालयप्रति धन्यवाद टक्र्याउँदछु।

शोध विधि अनुरूप शोध ग्रन्थ तयार गर्नु, थप सामग्री जुटाउनु जस्ता अभिज्ञतापूर्ण सहयोग प्रदान गर्दै आफ्नो अध्ययनको सहयोग समेत मेरो शोधकार्यमा उपलब्ध गराइदिने सहपाठी डा. दिवाकर प्रधान, व्याख्याता, सिक्किम सरकारी महाविद्यालय, गान्तोक,-लाई पनि विशेष धन्यवाद दिँदछु।

दार्जीलिङ शहरको देशबन्धु जिल्ला पुस्तकालयबाट आवश्यक सामग्री जुटाउनु सहयोग गर्नुहुने दाज्यू छेत्रीज्यूलाई पनि धन्यवाद ज्ञापन गर्दछु।

रूपनारायण सिंहका तीनैवटा साहित्यिक प्रबन्धहरू नेपाली साहित्य सम्मेलन पत्रिका र आदर्श पत्रिकाबाट प्राप्य गराइदिनुभए बापत मणि प्रिन्टिङ्ग हाउस दार्जिलिङ,-का मालिक तथा डा, पारसमणि प्रधानका सुपुत्र श्री नगेन्द्र मणि प्रधानलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

उत्तरबङ्ग विश्वविद्यालय परिसरमा आवास व्यवस्थाको आवश्यकता हुँदा डेरा व्यवस्था मिलाइदिनु हुनदेखि शोध कार्य सम्बन्धित व्यक्तिकहाँ जान साथ दिने सहकर्मी मित्र अनुराधा प्रधान (राई)- प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यसैगरी नेपाली विभाग, सन्त जोसेफ्स् महाविद्यालयका सर्वश्री दीपक गिरी र अजीत बस्नेतलाई पनि सहयोग दिए बापत् कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

यसै सन्दर्भमा सन्त जोसेफ्स् महाविद्यालयका भूतपूर्व र वर्त्तमान प्राचार्य तथा सबै सहकर्मीलाई पनि धन्यवाद नदिई सकिन्न।

शोध- पत्र तयार भएपछि यसलाई मुद्रित रूप दिन आवश्यक चाँजो मिलाउन अत्यन्त सक्रियतापूर्वक सहयोग दिए बापत् दिदी सुश्री साङ्गे डुक्पा, व्याख्याता, नेपाली विभाग, बागडोग्रा महाविद्यालय एवं श्री नरेन्द्र नेपाल, व्याख्याता, नेपाली विभाग, वाणिज्य महाविद्यालय,सिलगढ़ी, लाई हार्दिक कृतज्ञता प्रकट गर्दछु। यस सन्दर्भमा उत्तर बङ्ग विश्वविद्यालयकै शोध छात्र श्री पुष्कर पराजुलीलाई पनि धन्यवाद ज्ञापन गर्न चाहन्छु।

अनि यस शोध-पत्रलाई अत्यन्त शीघ्रतापूर्वक झिँजो नमानी मुद्रित रूप दिन सहयोग दिनुभए बापत् सुमेरू प्रेसका भाइ तोया सापकोटालाई पनि कृतज्ञता प्रकट गर्न चाहन्छु।

शोधको अन्तिम समयमा पुस्तकालय तथा अन्वेषक आवासमा साथ दिने शोधार्थी मित्र सुश्री सन्ध्या थापालाई पनि यस सन्दर्भमा बिर्सन्न सकिँदैन।

शोधकालमा उपयुक्त परिवेश सृजना गरी शोधकार्यलाई सहज तुल्याइदिने परिवार सदस्यहरू दाज्यू राम शर्मा, भाउज्यू श्रीमती सरिता शर्मा, भाइ शिव र बहिनी लक्ष्मी धन्यवादका पात्र छन्। अत: दिवङ्गत भएर पनि अन्त : प्रेरणाले सदैव जाग्रत गराउनु हुने मेरा बुवा र मुमाप्रति यहाँ सभक्ति स्मरण गर्दछु।

मिति : २५. ५. ०८

रा. शर्मा
(राधा शर्मा)

North Bengal University
Library
Raja Rammohunpur